# प्रेस विज्ञप्ति

## रसुवा-भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट भएको क्षति र विपद्पछिको आवश्यकता मूल्याङ्कनको प्रारम्भिक विवरण

### १. पृष्ठभूमि

केही बर्ष यता नेपाल जलवायुसम्बन्धी जोखिमबाट बढी प्रभावित हुदै आएको छ। विपद् उत्थानशील क्षमता सीमित हुनु, उच्च हिमाली तथा हिमाच्छिद क्षेत्रसँग सम्बन्धित जोखिम बढ्दै जानु र प्रभावकारी पूर्वसूचना प्रणाली पर्याप्त नहुनुले नेपालको विपद् जोखिमप्रतिको संवेदनशीलता थप बढाएको छ। यसले विपद् पूर्वतयारी सुदृढीकरण, बहुप्रकोपजन्य घटनाको अनुगमन, सीमापार विपद् सम्बन्धी सूचनाको आदानप्रदान तथा जलवायु र विपद् उत्थानशील विकास ढाँचा अवलम्वनको आवश्यकता औँल्याएको छ।

२०८३ भदौ १० गते नेपाल चीन सीमा क्षेत्र रसुवा-भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट ऊर्जा, वातावरण, सिँचाइ, आवास तथा यातायात क्षेत्र अधिक प्रभावित भएका छन्। विशेषगरी रसुवा, नुवाकोट र धादिङ जिल्लामा क्षति केन्द्रित भएको देखिन्छ। यसबाट सार्वजनिक तथा निजी क्षेत्रमा नोक्सानी र सीमापार व्यापारमा समेत अवरोध सिर्जना भएको छ।

बाढीबाट भएको हानी तथा नोक्सानीको विस्तृत मूल्याङ्कन गरी वित्तीय आवश्यकता अनुमान तथा पुनर्निर्माण योजना सहितको विपद्पछिको आवश्यकता मूल्याङ्कन प्रतिवेदन तयार गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) बाट निर्णय भएबमोजिम राष्ट्रिय योजना आयोगले विपद्पछिको आवश्यकता मूल्याङ्कनको प्रारम्भिक प्रतिवेदन तयार गरेको छ।

### २. मूल्याङ्कनका लागि अवलम्वन गरिएको विधि

यो मूल्याङ्कनमा ६ वटा क्षेत्र र २२ वटा अन्तरसम्बन्धित विषयहरू समेटिएका छन्। साथै, तल्लो तटीय क्षेत्रमा परेको प्रभाव, राष्ट्रिय अर्थतन्त्र तथा गरिबीमा परेको असर र पुनर्स्थापना आवश्यकताको विश्लेषण गरिएको छ। यस क्रममा घरपरिवार तथा प्रतिष्ठान सर्वेक्षण, सरकारी प्रशासनिक अभिलेख, रिमोट सेन्सिङ, स्थलगत प्रमाणीकरण तथा विभिन्न स्रोतका तथ्याङ्कको उपयोग गरी विपद्सम्बन्धी क्षति, नोक्सानी, पुनर्स्थापना तथा पुनर्निर्माण आवश्यकता र गरिबी तथा समष्टिगत आर्थिक क्षेत्रमा परेको प्रभावको मूल्याङ्कन गरिएको छ। यो प्रतिवेदन तयारीका लागि २५ अगस्ट २०२६ सम्मको अवस्थालाई विपद् पूर्वको आधार अवधिका रूपमा लिई सो समयको तुलनामा बाढीपछि आएको परिवर्तनको अवस्था लेखाजोखा गरिएको छ। घरपरिवार र व्यापार व्यवसायका विवरण प्राप्त गर्न बाढी प्रभावित ५ जिल्लाका १५ स्थानीय तहमा ५६ वटा टोलीमा संलग्न १५६ जना जनशक्ति परिचालन गरी डिजिटल तथ्याङ्क सङ्कलन प्रणाली मार्फत असोज २ गतेदेखि दुई हप्तासम्म 'घरपरिवार तथा प्रतिष्ठान सर्वेक्षण' सञ्चालन गरिएको थियो। यो सर्वेक्षण भौतिक तथा आर्थिक क्षति र नोक्सानी, घरपरिवार तथा व्यवसायमा परेको प्रभाव, जीविकोपार्जनमा भएको क्षति, विस्थापन, जोखिमको संवेदनशीलता तथा अपूरा आवश्यकताको मूल्याङ्कन गर्ने प्रमुख आधार बनेको छ।

पुनर्निर्माण तथा पुनर्स्थापनाको लेखाजोखा गर्दा Build Back Better (BBB) गुणस्तर सुधार, नयाँ प्रविधिको अवलम्बन तथा विपद् जोखिम न्यूनीकरणका उपायहरू समावेश गरिएको छ। साथै, पुनर्निर्माण तथा पुनर्स्थापना अवधिमा हुने मुद्रास्फीतिको प्रभावलाई समेत ध्यानमा राखिएको छ। अन्य सञ्चालन खर्चअन्तर्गत आन्तरिक ऋण तथा वैदेशिक ऋणको ब्याज भुक्तानीमा

लाग्ने खर्च, आयातित वस्तुको विनिमय दरमा हुने परिवर्तन तथा पुनर्निर्माण गर्नुपर्ने सम्पत्तिको स्थानान्तरण र सडकको रेखाङ्कन परिवर्तनका लागि आवश्यक जग्गा अधिग्रहण खर्चसमेत समावेश गरिएको छ ।


### ३. बाढीपूर्वको अवस्था र त्यसबाट परेको असर

रसुवा-भोटेकोशी नदीमा आएको आकस्मिक बाढी (Flash Flood) बाट प्रभावित क्षेत्र भौगोलिक तथा आर्थिक दृष्टिकोणले महत्वपूर्ण क्षेत्र हो । यो क्षेत्र उत्तर–दक्षिण करिडोरका रूपमा रहेको र नेपाल-चीन व्यापारिक आवागमनको मुख्य प्रवेशद्वार एवम् कैलाश मानसरोवर तीर्थयात्राको मार्गका रूपमा समेत रहेको छ । यो करिडोर ऊर्जा उत्पादन, ग्रामीण जीविकोपार्जन, पर्यटन, कृषि उत्पादन तथा सम्पदा र आदिवासी जनजातिको साँस्कृतिक वैभवका दृष्टिले पनि महत्वपूर्ण रहेको छ । यस क्षेत्रका प्राकृतिक, साँस्कृतिक एवम् धार्मिक सम्पदामा लाङ्टाङ राष्ट्रिय निकुञ्ज, लाङ्टाङ पर्यटकीय क्षेत्र, गोसाइँकुण्ड, पार्वती कुण्ड, नुवाकोट दरबार, बेत्रावती, देवीघाट र तामाङ सम्पदा मार्गको विशेष महत्व रहेको छ ।

यस आकस्मिक बाढीबाट रसुवा, नुवाकोट, धादिङ लगायतका जिल्लाको जनधनमा ठूलो क्षति पुगेको छ । बाढीले नेपालको मध्य क्षेत्र तथा जनवादी गणतन्त्र चीनको तिब्बत स्वायत्त क्षेत्रमा रहेका भौतिक सम्पत्ति र जीविकोपार्जनका आधारहरूमा समेत उल्लेख्य क्षति पुऱ्याएको छ । यसबाट नेपालमा १,४६४ जनाको मृत्यु भएको छ । साथै, नेपाली र विदेशी नागरिक गरी ५,२८५ जना अझै बेपत्ता रहेका छन् भने विपद् पश्चात् १३,७९५ जनाको उद्धार गरिएको छ । विपद्का कारण ठूलो संख्यामा घरपरिवार विस्थापित भई अन्यत्र बसोबास गरिरहेको अवस्था छ ।

विनाशकारी बाढीबाट भएको कुल हानी (Damage) रु. २ खर्ब ८२ अर्ब ९० करोड र कुल नोक्सानी (Loss) रु. १ खर्ब ८९ अर्ब ७६ करोड गरी कुल हानी तथा नोक्सानी रु. ४ खर्ब ७२ अर्ब ६६ करोड बराबर रहेको छ । विपद्बाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण एवम् पुनरुत्थानको कार्य सम्पन्न गर्न कुल रु. ७ खर्ब ६ अर्ब ६५ करोड आवश्यक पर्ने अनुमान रहेको छ ।

**ग्राफः विपद्को वित्तीय आकलन**




निजी आवास, गैर आवासीय एवम् व्यावसायिक भवन, कृषि तथा पशुपालन, सवारीसाधन, नगद तथा बहुमूल्य वस्तु, उपभोग्य वस्तु, दैनिक आम्दानी तथा रोजगारीलगायतका क्षेत्रमा भएको हानी र नोक्सानी गरी निजी क्षेत्रमा रु. २ खर्ब ५४ अर्ब ३ करोड

बराबरको असर परेको छ । यसमध्ये रु. १ खर्ब ६७ अर्ब ५५ करोडको हानी र रु. ८६ अर्ब ४८ करोडको नोक्सानी रहेको छ । जलविद्युत् आयोजना, सडक, पुल, सरकारी कार्यालय, एकीकृत भन्सार जाँच एकाइ (ICD) तथा भन्सार पूर्वाधार, विद्यालय, स्वास्थ्य चौकी, बैंक, माछापालन पोखरी तथा नर्सरी लगायतका क्षेत्रमा भएको हानी र नोक्सानी गरी सार्वजनिक क्षेत्रमा रु. २ खर्ब १८ अर्ब ६३ करोड बराबरको असर परेको छ । यसमध्ये रु. १ खर्ब १५ अर्ब ३५ करोडको हानी र रु. १ खर्ब ३ अर्ब २८ करोडको नोक्सानी रहेको छ ।

उत्पादनका साधन, यातायात तथा ऊर्जा पूर्वाधार, व्यापार, पर्यटन, कृषि र रोजगारीमा उल्लेख्य क्षति पुगेका कारण यस प्रकोपले स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा अवरोध सिर्जना भई लक्षित आर्थिक वृद्धिदर हासिल गर्न चुनौती थपेको छ । चालु आर्थिक वर्षका लागि अनुमान गरिएको ७ प्रतिशतको आर्थिक वृद्धिदर एक प्रतिशत बिन्दु जतिले घट्न सक्ने प्रक्षेपण रहेको छ । यस बाढीका कारण स्थानीय समुदायमा गरिबी तथा सामाजिक–आर्थिक जोखिम उल्लेखनीय रूपमा बढेको छ । प्रभावित स्थानीय तहहरूमा उपभोगमा आधारित गरिबीको दर २.७ प्रतिशत बिन्दुले वृद्धि भई १२.२ प्रतिशतबाट १४.९ प्रतिशत पुगेको अनुमान छ । विशेषगरी नदी आसपास क्षेत्रमा गरिबीको दर उल्लेख्य बढेको अनुमान छ । यसले प्रभावित क्षेत्र लक्षित विशेष कार्यक्रमको आवश्यकता औँल्याएको छ ।

क्षेत्रगतरुपमा हेर्दा पूर्वाधार क्षेत्र सबै भन्दा धेरै प्रभावित भएको देखिन्छ । यस क्षेत्रमा रु. १ खर्ब २७ अर्ब १४ करोड बराबरको हानी र रु. ४६ अर्ब ८६ करोड बराबरको नोक्सानी गरी कुल रु. १ खर्ब ७४ अर्ब बराबरको असर परेको छ । पूर्वाधार क्षेत्रको पुनरूत्थानका लागि रु. ३ खर्ब ८२ अर्ब ८३ करोड आवश्यक पर्ने अनुमान छ । यसैगरी सामाजिक क्षेत्रमा रु. ३७ अर्ब २ करोड बराबरको हानी र रु. १ अर्ब ९८ करोड बराबरको नोक्सानी भएको अनुमान छ । यसअनुसार सामाजिक क्षेत्रको कुल हानी नोक्सानी रु. ३९ अर्ब रहेको र यस क्षेत्रको पुनर्स्थापनाका लागि रु. ५७ अर्ब ७७ करोड आवश्यक पर्ने अनुमान छ ।

यसैगरी उत्पादनशील क्षेत्रमा कुल हानी नोक्सानी रु. १ खर्ब ३६ अर्ब ७७ करोड रहेको छ । यसमध्ये रु. ४१ अर्ब ३५ करोड हानी र रु. ९५ अर्ब ४१ करोड नोक्सानी रहेको छ । यस क्षेत्रको पुनरूत्थानका लागि रु. १ खर्ब ४५ अर्ब ७७ करोड आवश्यक पर्ने अनुमान छ । भूमि, वन, जैविक विविधता तथा वातावरण एवम् विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा रु. ७७ अर्ब ११ करोड बराबरको हानी र रु. ४४ अर्ब ५७ करोड बराबरको नोक्सानी गरी रु. १ खर्ब २१ अर्ब ६८ करोडको हानी नोक्सानी भएको छ । यस क्षेत्रको पुनरूत्थानका लागि रु. ९४ अर्ब ४३ करोड आवश्यक पर्ने अनुमान छ । मूल्याङ्कनमा समावेस भएका क्षेत्रमध्ये शासकीय तथा अन्तरसम्बन्धित क्षेत्रमा रु. १ अर्ब १९ करोड बराबरको हानी नोक्सानी भएको छ । सामाजिक सुरक्षा लगायत यस क्षेत्रको पुनरूत्थानका लागि रु. २५ अर्ब ८३ करोड आवश्यक पर्ने अनुमान छ ।

विनाशकारी बाढीबाट विभिन्न क्षेत्रमा भएको हानी, नोक्सानी तथा पुनरूत्थान आवश्यकताको विवरण अनुसूचीमा उल्लेख गरिएको छ ।

# अनुसूची: हानी, नोक्सानी तथा पुनरूत्थान आवश्यकताको विवरण

रकम रु. दश लाख

| क्षेत्र | हानी | | | नोक्सानी | | | कुल हानी नोक्सानी | | | पुनर्स्थापनाका लागि कुल वित्तीय आवश्यकता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सार्वजनिक क्षेत्र | निजी क्षेत्र | जम्मा | सार्वजनिक क्षेत्र | निजी क्षेत्र | जम्मा | सार्वजनिक क्षेत्र | निजी क्षेत्र | जम्मा | |
| **सामाजिक क्षेत्र** | **५४८५.२** | **३१५३९.०** | **३७०२४.२** | **११०४.४** | **८८०.०** | **१९८४.४** | **६५८९.६** | **३२४१९.०** | **३९००८.६** | **५७७७१.७** |
| आवास तथा वस्ती विकास | | ३०७३९.० | ३०७३९.० | | ८३८.० | ८३८.० | | ३१५७७.० | ३१५७७.० | ४८१४८.० |
| जनसंख्या तथा स्वास्थ्य | २७०.० | | २७०.० | २४३.५ | | २४३.५ | ५१३.५ | | ५१३.५ | ४१३.३ |
| पोषण | ७.७ | | ७.७ | १६.९ | | १६.९ | २४.६ | | २४.६ | १०.९ |
| शिक्षा | ३५१३.० | ८००.० | ४३१३.० | ६७४.६ | ४२.० | ७१६.६ | ४१८७.६ | ८४२.० | ५०२९.६ | ६०१६.६ |
| संस्कृति तथा सांस्कृतिक सम्पदा | १६९४.५ | | १६९४.५ | १६९.४ | | १६९.४ | १८६३.९ | | १८६३.९ | ३१८२.८ |
| **पूर्वाधार क्षेत्र** | **७८४३८.०** | **४८७०३.०** | **१२७१४१.०** | **४१०७८.५** | **५७८४.१** | **४६८६२.६** | **११९५१६.५** | **५४४८७.२** | **१७४००३.६** | **३८२८३५.१** |
| यातायात पूर्वाधार (सवारी साधन समेत) | २५२९३.० | २७९६.५ | २८०८९.५ | १०३८.० | १३२५.० | २३६३.० | २६३३१.० | ४१२१.५ | ३०४५२.५ | ५८५१९.७ |
| उर्जा | ४३६५०.८ | ४५६१७.३ | ८९२६८.१ | ३९१४३.५ | ४४१९.१ | ४३५६२.६ | ८२७९४.२ | ५००३६.५ | १३२८३०.७ | २१८५८९.५ |
| सिंचाइ तथा नदी नियन्त्रण | ३७१९.५ | | ३७१९.५ | | | | ३७१९.५ | | ३७१९.५ | ९४६०६.३ |
| सञ्चार तथा सूचना प्रविधि | ११८.२ | २८९.२ | ४०७.४ | ८०.० | ४०.० | १२०.० | १९८.२ | ३२९.२ | ५२७.४ | ५६८.३ |

| क्षेत्र | हानी | | | नोक्सानी | | | कुल हानी नोक्सानी | | | पुनर्स्थापनाका लागि कुल वित्तीय आवश्यकता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सार्वजनिक क्षेत्र | निजी क्षेत्र | जम्मा | सार्वजनिक क्षेत्र | निजी क्षेत्र | जम्मा | सार्वजनिक क्षेत्र | निजी क्षेत्र | जम्मा | |
| सामुदायिक पूर्वाधार | ५०४३.६ | | ५०४३.६ | ६०५.० | | ६०५.० | ५६४८.६ | | ५६४८.६ | ९४७३.४ |
| खानेपानी तथा सरसफाइ | ६१३.० | | ६१३.० | २१२.० | | २१२.० | ८२५.० | | ८२५.० | ९९८.० |
| **उत्पादनशील क्षेत्र** | **५३६०.५** | **३५९९७.४** | **४१३५७.९** | **१६२३०.४** | **७९१८७.६** | **९५४१८.०** | **२१५९०.९** | **११५१८५.०** | **१३६७७५.९** | **१४५७७५.९** |
| कृषि, वन र माछापालन | २२०९.१ | ८६९.४ | ३०७८.५ | ५१.३ | ४०१.९ | ४५३.२ | २२६०.४ | १२७१.३ | ३५३१.७ | ४८१९.३ |
| उद्योग | | १८१४.० | १८१४.० | | २५७६.० | २५७६.० | | ४३९०.० | ४३९०.० | ४०९४.८ |
| बाणिज्य तथा आपूर्ति | १७४०.० | १०५८७.३ | १२३२७.३ | | १००१८.० | १००१८.० | १७४०.० | २०६०५.३ | २२३४५.३ | २२९८९.४ |
| पर्यटन | ११७६.० | २२६१४.० | २३७९०.० | १३३३९.० | ४३४९.० | १७६८८.० | १४५१५.० | २६९६३.० | ४१४७८.० | ४८६५६.७ |
| वित्तीय क्षेत्र (सार्वजनिक वित्त समेत) | २३५.४ | ११२.७ | ३४८.१ | २८४०.१ | ६१८४२.८ | ६४६८२.९ | ३०७५.५ | ६१९५५.५ | ६५०३०.९ | ६५२१५.७ |
| **जलवायु तथा वातावरण क्षेत्र** | **२५८०८.१** | **५१३०९.६** | **७७११७.७** | **४४५७०.०** | | **४४५७०.०** | **७०३७८.१** | **५१३०९.६** | **१२१६८७.७** | **९४४३८.४** |
| भूमि | २१९१३.५ | ५१३०९.६ | ७३२२३.१ | | | | २१९१३.५ | ५१३०९.६ | ७३२२३.१ | ३७१६१.० |
| वन, जैविक विविधता र वातावरण | १२००.० | | १२००.० | ४४२७०.० | | ४४२७०.० | ४५४७०.० | | ४५४७०.० | २९४८५.२ |

| क्षेत्र | हानी | | | नोक्सानी | | | कुल हानी नोक्सानी | | | पुनर्स्थापनाका लागि कुल वित्तीय आवश्यकता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सार्वजनिक क्षेत्र | निजी क्षेत्र | जम्मा | सार्वजनिक क्षेत्र | निजी क्षेत्र | जम्मा | सार्वजनिक क्षेत्र | निजी क्षेत्र | जम्मा | |
| विपद् जोखिम न्यूनीकरण | २६९४.६ | | २६९४.६ | ३००.० | | ३००.० | २९९४.६ | | २९९४.६ | २७७९२.२ |
| **शासकीय तथा अन्तरसम्बन्धित क्षेत्र** | **२५९.८** | | **२५९.८** | **३००.०** | **६३१.७** | **९३१.८** | **५५९.८** | **६३१.७** | **११९१.५** | **२५८३३.५** |
| सार्वजनिक सेवा | २५९.८ | | २५९.८ | १०५.९ | | १०५.९ | ३६५.७ | | ३६५.७ | ३९१.१ |
| रोजगारी र जीविकोपार्जन | | | | | ६३१.७ | ६३१.७ | | ६३१.७ | ६३१.७ | ६३१.७ |
| सामाजिक सुरक्षा | | | | १९४.२ | | १९४.२ | १९४.२ | | १९४.२ | २४५०६.० |
| लैङ्गिक तथा सामाजिक समावेशीकरण | | | | | | | | | | ३०४.७ |
| **जम्मा** | **११५३५१.६** | **१६७५४९.०** | **२८२९००.६** | **१०३२८३.३** | **८६४८३.५** | **१८९७६६.८** | **२१८६३४.९** | **२५४०३२.५** | **४७२६६७.४** | **७०६६५४.६** |

मिति: २०८३/०७/२० गते, शुक्रवार